
# नेपाल सरकार संघीय मन्त्रालयबाट आ.व. २०८० ।२०८१ मा बालबालिकाहरुका लागि प्रदान गरिने सामाजिक सेवा तथा सुविधाहरू





## हामीले थाहा पाउनैपर्ने राज्यका सुविधाहरू









Sweden Sverige

Save the Children

कन्सोर्टियम-नेपाल
Consortium Nepal

**प्रकाशक**

नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरूको

साझा समूह (कन्सोर्टियम नेपाल) काठमाडौँ

**प्रकाशन सल्लाहकार**

दिल ऐर, सेभ द चिल्ड्रेन

मोहन दँगाल, कन्सोर्टियम नेपाल

**लेखन सम्पादन समूह**

गौरव के.सी

सौगात जंग पाण्डे

**भाषा सम्पादन**

देवराज सापकोटा

**प्रकाशन सहयोग**

सेभ द चिल्ड्रेन

**लेआउट डिजाइन**

यमबहादुर चौधरी

**प्रकाशन वर्ष**

२०८०

**प्रकाशन प्रति**

५००

## प्रकाशकीय

हार्दिक नमस्कार ।

नेपाल सरकारले नेपालका बालबालिकालाई उपलब्ध गराएको अमूल्य सामाजिक सुरक्षा सेवाहरूको दस्तावेजीकरण गर्ने यो अत्यावश्यक प्रकाशन प्रस्तुत गर्न पाउँदा म असाध्यै  गौरवान्वित छु। प्राप्त गर्न एक अमूल्य सुचना तथा स्रोत सामग्रीको रुपमा महत्वपूर्ण भूमिका खेल्नेमा म विश्वस्त छु।

नेपाली बालबालिकाको अधिकारको संरक्षण एवं सुनिश्चितता गर्नु नेपाल सरकार तथा सबैको दायित्व हो । बालबालिकाहरु बढ्न, सिक्न र हुर्कन सक्ने वातावरण निर्माणमा सबैको भूमिका रहनछ। यसर्थ, यस दस्तावेजले बालबालिकाको समुन्नत भविष्य सुरक्षित गर्ने प्रयासमा परिवार र समुदायहरूलाई सशक्त बनाउने लक्ष्य राख्दै नेपाल सरकारद्वारा प्रदान गरिएका विविध सामाजिक  सुरक्षा, सेवाहरु र सुविधाहरुको विस्तृत सिंहावलोकन प्रदान गर्दछ।

नेपालमा अझै पनि धेरै संख्यामा सिमान्तकृत, समाजिक विभेद, अपाङ्गता, लैङ्गिक विभेद लगायतका अवस्थाबाट जीवन व्यक्ति गर्दै आउनुभएका धेरै बालबालिका हुनुहुन्छ । उहाँहरु बाँच्न जीवनलाई विकासको गोरेटोमा अगाडी बढ्नका लागि आधारभुत आवश्यकता र अधिकारहरुबाट बञ्चित हुनुपरेको अवस्था धेरै ठाउँहरुमा विद्यमान छन् । यस्तो अवस्थामा नेपाल सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा तथा सुविधाहरुको विषयमा सुचनाको अभावकै कारण धेरै बालबालिकाहरु यी सुविधाहरुबाट बञ्चित हुनुपरेको अवस्था छ। यसर्थ, यस पुस्तकले ती सुदायमा रहेका बालबालिकामाझ नेपाल सरकारबाट उपलब्ध सामाजिक सुरक्षा तथा सुविधहरुको पहुँच विकासमा सहजीकरण गर्नेछ ।

यो पुस्तक नेपाल सरकारको सामाजिक सुरक्षा सम्बन्धी नीति र कार्यक्रमको सङ्गहरु मात्र हो इन; यो हाम्रो देशको बालबालिका र उनीहरुको परिवारहरूको लागि आशाको किरण हो । हाम्रा सामाजिक सुरक्षा सेवाहरूलाई निरन्तर सुदृढ गर्नका लागि सरकारी अधिकारीहरू, गैरसरकारी संस्थाहरू र सम्बन्धित नागरिकहरूलाई मिलेर काम गर्न यो आह्वान हो । यो हामीले सामूहिक रूपमा हाम्रा बालबालिकाको जीवनमा पार्न सक्ने गहिरो प्रभावको सम्झना हो ।

यी महत्वपूर्ण सेवाहरू तर्जमा र कार्यान्वयनमा अथक प्रयास गरेकोमा हामी नेपाल सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछौं। यस प्रकाशनमा योगदान पुर्याउने सबै व्यक्ति र संस्थाहरू, विशेष गरी सेभ द चिल्ड्रेन इन्टरनेशनल नेपाललाई हामी हाम्रो हार्दिक आभार व्यक्त गर्दछौं।

धन्यवाद ।

मोहन दँगाल

अध्यक्ष,

कन्सोर्टियम नेपाल





## यो पुस्तिका वाहकको

नाम थर: ..............................................................

विद्यालयको नाम: ..................................................

पढिरहेको कक्षा: ..................................................

## यदि बालक्लबको सदस्य भए:

बालक्लबको नाम: ................................................

पद: ......................................................................

जिल्ला: ..................................................................





# विषयसूची


१. बाल पोषण भत्ता.............................................................. १–२
२. विद्यालय दिवा खाजा कार्यक्रम...........................................................३
३. मातृ मृत्युदर र ५ वर्ष मुनिका बालबालिका मृत्युदर घटाउन पोषण कार्यक्रम...........................................................................४
४. दलित बालबालिकाका लागि सामाजिक सुरक्षा भत्ता र आर्थिक सहायता...........५
५. अपाङ्गता भएका बालबालिकाका लागि सामाजिक सुरक्षा भत्ता, आर्थिक सहायता..............................................................................६
६. बालबालिकाहरूलाई विभिन्न १२ वटा रोगविरुद्ध निःशुल्क खोप सेवा................७
७. सामुदायिक माध्यमिक विद्यालयमा पढ्ने छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण..........................................................................८
८. नेपाल सरकारबाट लोपोन्मुख भनी सूचीकृत विभिन्न १० जातिका नागरिकलाई प्रदान गरिने मासिक भत्ता...........................................................९
९. दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि निःशुल्क हवाई उद्धार सेवा कार्यक्रम....................................१०–११
१०. बाल हेल्पलाइन १०९८.........................................................१२
११. बालबालिका खोजतलास तथा समन्वय केन्द्र १०४...............................१२

# १. बाल पोषण भत्ता

## कार्यक्रम लागु भएका स्थानहरू

कर्णाली प्रदेशका दैलेख, कालिकोट, मुगु, जुम्ला, हुम्ला, डोल्पा, जाजरकोट, रुकुम पश्चिम र सल्यान गरी ८ जिल्लाहरूमा, मधेस प्रदेशका सर्लाही, धनुषा, बारा, रौतहट, सप्तरी, सिरहा, महोत्तरी गरी ७ जिल्लाहरूमा र सुदूरपश्चिम प्रदेशका, अछाम, बैतडी बझाङ, बाजुरा र डोटी गरी ५ जिल्लाहरूमा र लुम्बिनी प्रदेशका, रुकुम पूर्व, कपिलवस्तु र रोल्पा, साथै, बागमती प्रदेशको रसुवा गरी जम्मा २५ जिल्लाहरूमा



## उपलब्ध गराइने सेवा सुविधा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची ५ बमोजिम नेपाल सरकारले तोकेको जिल्लाहरूका एउटै आमाबाट जन्मेका बढीमा दुई बालबालिका र पाँच वर्ष मुनिका देशैभरका सबै दलित बालबालिकालाई प्रति महिना रु. ५३२ का दरले ।

## सेवा सुविधा उपलब्ध हुने समय

- ❀ पहिलो त्रैमासिक असोज महिना
- ❀ दोस्रो त्रैमासिक पुस महिना
- ❀ तेस्रो त्रैमासिक चैत महिना
- ❀ चौथो त्रैमासिक असार महिना

## प्रक्रिया वा आवश्यक कागजात

१. जन्मदर्ता शतजसको निम्ति जन्म सूचना फारम, आमाबुवाको नागरिकताको प्रतिलिपि, स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए त्यस संस्थाबाट जारी भएको जन्म प्रतिवेदन वा घरमा जन्म भएको भए पछिल्लो खोप दिएको प्रमाण

२. वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्ता नाम दर्ताका लागि तोकिएको फारम भर्ने, २ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिका साथै आमा वा बुवा नभए संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण

३. तोकिएको बैंकमा खाता खोल्नुपर्ने, जसअन्तर्गत दर्खास्त फारम, अभिभावकको २ प्रति फोटो, नागरिकताको प्रतिलिपि ।

## सेवा सुविधा उपलब्ध हुने कार्यालय वा निकाय

- सम्बन्धित वडा कार्यालय

## कुनै जिज्ञासा, सल्लाह, सुझाव र गुनासोका लागि सम्पर्क ठेगाना

- केही गुनासो भएमा सम्बन्धित वडा कार्यालयमा र सुनुवाइ नभएमा सम्बन्धित गाउँ/नगर पालिका र त्यहाँ पनि सुनुवाइ नभएमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा सम्पर्क गर्ने

# २. विद्यालय दिवा खाजा कार्यक्रम




## कार्यक्रम लागु भएका स्थानहरू

❀ सबै जिल्लाहरू

## उपलब्ध गराइने सेवा सुविधा

❀ रु १५ का दरले सबै सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई र साविकको कर्णाली अञ्चलका ५ वटा जिल्लाहरूमा (हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोट) रु २० का दरले उपलब्ध गराइने ।

## सेवा सुविधा उपलब्ध हुने समय

❀ सम्बन्धित स्थानीय तहका सामुदायिक विद्यालय

## सेवा सुविधा उपलब्ध हुने कार्यालय वा निकाय

❀ दैनिक विद्यालयको खाजा समयमा उपलब्ध गराइने

## कुनै जिज्ञासा, सल्लाह, सुझाव र गुनासोका लागि सम्पर्क ठेगाना

❀ सम्बन्धित स्थानीय तह र सामुदायिक विद्यालय

# ३. मातृ  मृत्युदर र ५ वर्ष मुनिका बालबालिका मृत्युदर घटाउन पोषण कार्यक्रम



## कार्यक्रम लागु भएका स्थानहरू

❀ मानव विकास सूचाङ्क न्यून भएका २५ जिल्लाहरूमा

## उपलब्ध गराइने सेवा सुविधा

❀ २५ जिल्लाका विपन्न परिवारका सुत्केरीलाई एकमुष्ठ रु ५००० पोषण खर्च उपलब्ध गराउने

## सेवा सुविधा उपलब्ध हुने समय

❀ एक मुष्ठ

## सेवा सुविधा उपलब्ध हुने कार्यालय वा निकाय

❀ स्वास्थ्य संस्थाहरूबाट प्रसूति सेवा उपलब्ध गराइने

## कुनै जिज्ञासा, सल्लाह, सुझाव र गुनासोका लागि सम्पर्क ठेगाना

❀ सम्बन्धित स्थानिय तह

# ४. दलित बालबालिकाका लागि सामाजिक सुरक्षा भत्ता र आर्थिक सहायता




## कार्यक्रम लागु भएका स्थानहरू

- ५ वर्ष मुनिका देशभका दलित बालबालिका

## उपलब्ध गराइने सेवा सुविधा

- मासिक रु ५३२ का दरले

## प्रक्रिया वा आवश्यक कागजात

वडा कार्यालय गई भत्ताका लागि नाम दर्ता गराउनुपर्ने जसका निम्ति सामाजिक सुरक्षा भत्ता नाम दर्ताका लागि तोकिएको फारम भर्ने, २ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिका साथै आमा वा बुवा नभए संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

## सेवा सुविधा उपलब्ध हुने कार्यालय वा निकाय

- वडा कार्यालय

## कुनै जिज्ञासा, सल्लाह, सुझाव र गुनासोका लागि सम्पर्क ठेगाना

- सम्बन्धित स्थानीय तह

# ५. अपाङ्गता भएका बालबालिकाका लागि सामाजिक सुरक्षा भत्ता, आर्थिक सहायता



## कार्यक्रम लागु भएका स्थानहरू

- पूर्ण अपाङ्गता भएका व्यक्तिलाई मासिक रू. ३९९०।०० र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक रू. २१२८।००

## प्रक्रिया वा आवश्यक कागजात

वडा कार्यालय गई भत्ताका लागि नाम दर्ता गराउनुपर्ने जसका निम्ति सामाजिक सुरक्षा भत्ता नाम दर्ताका लागि तोकिएको फारम भर्ने, २ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिका साथै आमा वा बुवा नभए संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण

## सेवा सुविधा उपलब्ध हुने कार्यालय वा निकाय र कुनै जिज्ञासा, सल्लाह, सुझाव र गुनासोका लागि सम्पर्क ठेगाना

- सम्बन्धित स्थानीय तह

# ६. बालबालिकाहरूलाई विभिन्न १२ वटा रोग विरुद्ध निःशुल्क खोप सेवा

## कार्यक्रम लागु भएका स्थानहरू

❀ पाँच वर्षमुनिका देशभरका बालबालिका




## उपलब्ध गराइने सेवा सुविधा

नेपाल सरकारको राष्ट्रिय खोप कार्यक्रम (National Immunization programme) अन्तर्गत १६ देखि २३ महिना बीचका बालबालिकालाई अनिवार्य पूर्ण खोप लगाउने योजनाअन्तर्गत ७ वटा खोप प्रदान गर्दै आइरहेको छ ।

## सेवा सुविधा उपलब्ध हुने कार्यालय वा निकाय र कुनै जिज्ञासा, सल्लाह, सुझाव र गुनासोका लागि सम्पर्क ठेगाना

❀ सम्बन्धित स्थानीय तहको स्वास्थ्य संस्थाहरूमा


## खोप



# ७. सामुदायिक माध्यमिक विद्यालयमा पढ्ने छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण

## कार्यक्रम लागु भएका स्थानहरू

- सबै जिल्लाहरू




## उपलब्ध गराइने सेवा सुविधा

नेपाल सरकारले यस आ.व. २०८०/८१ मा देशभरका सामुदायिक विद्यालयहरूमा अध्ययन गर्ने छात्रालाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्न गरी बजेट विनियोजन गरेको छ ।

## सेवा सुविधा उपलब्ध हुने कार्यालय वा निकाय

- सम्बन्धित स्थानीय तहको सामुदायिक विद्यालयहरूमा

## कुनै जिज्ञासा, सल्लाह, सुझाव र गुनासोका लागि सम्पर्क ठेगाना

- सम्बन्धित स्थानीय तह

# ८. नेपाल सरकारबाट लोपोन्मुख भनी सूचीकृत विभिन्न १० जातिका नागरिकलाई प्रदान गरिने मासिक भत्ता




## कार्यक्रम लागु भएका विभिन्न १० जात

❀ कुसुण्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा र कुसवाडिया

## उपलब्ध गराइने सेवा सुविधा

❀ मासिक रु ३९९०

## सेवा सुविधा उपलब्ध हुने कार्यालय वा निकाय

❀ सम्बन्धित सबै वडा कार्यालय

# ९. दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि नि:शुल्क हवाई उद्धार सेवा कार्यक्रम



## प्रक्रिया वा आवश्यक कागजात

- ❀ स्थानीय सिफारिस समितिले स्थानीय स्वस्थ्य संस्थाको पुर्जीसहित लिखित सिफारिस गरिने ।

## सेवा सुविधा उपलब्ध हुने कार्यालय वा निकाय

- ❀ स्थानीय निकायको सिफारिसमा जिल्ला समन्वय समितिमार्फत

## कार्यक्रम लागु भएका स्थानीय तहहरू

१. पूर्ण रूपमा लागु भएका १८ जिल्लाहरू :
ताप्लेजुङ, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, मनाङ, मुस्ताङ, रुकुमपूर्व, रुकुम पश्चिम, जाजरकोट, डोल्पा, कालिकोट, मुगु, हुम्ला, बाजुरा, अछाम र दार्चुला ।

२. आंशिक रूपमा लागु भएका २९ जिल्लाहरू :
पाँचथर :- (फिदिम नगरपालिका बाहेकका सबै स्थानीय तह)
इलाम :- (माईजोगमाई गा.पा. सन्दकपुर गा.पा.)
तेह्रथुम :- (म्याङलुङ र लालीगुराँस नगरपालिका बाहेकका सबै स्थानीय तह)
धनकुटा :- (चौविसे गा.पा.)
उदयपुर :- (ताप्ली गा.पा.)
दोलखा :- (भिमेश्वर र जिरी नगरपालिका बाहेकका सबै स्थानीय तह)
रामेछाप :- (उमाकुण्ड गा.पा.)
सिन्धुली :- (घ्याङलेख गा.पा.)

काभ्रेपलाञ्चोक :- (महाभारत गा.पा.,चौंरीदेउराली गा.पा.)
सिन्धुपाल्चोक :- (पाँचपोखरी थामपाल गा.पा., हेलम्बु गा.पा., जुगल गा.पा.),
रसुवा :- कालिका गा.पा र उत्तरगया गा.पा. बाहेकका सबै स्थानीय तह
नुवाकोट :- (दुप्चेश्वर गा.पा.)
धादिङ :- (रुबीभ्याली गा.पा, गंगा जमुना गा.पा, खनियाँबास गा.पा.)
गोरखा :- (चुमनुब्री गा.पा, धार्चे गा.पा., आरुघाट गा.पा, सिरानचोक गा.पा., अजिर कोट गा.पा., बारपाक सुलिकोट गा.पा.)
लमजुङ :- (दूधपोखरी गा.पा, क्व्होलासोथार गा.पा)
स्याङ्जा :- (हरिनास गा.पा, कालीगण्डकी गा.पा)
पर्वत :- (जलजला गा.पा र मोदी गा.पा. को उत्तरतर्फ घ्याम्पाल क्षेत्र)
म्याग्दी :- (बेनी नगरपालिका बाहेकका सबै स्थानीय तह)
बागलुङ :- (ढोरपाटनन गा.पा., बडिगाड गा.पा., निसिखोला गा.पा., बरेङ गा.पा, तमानखोला गा.पा.)
नवलपरासी :- (बर्दघाट सुस्ता पूर्व हुप्सेकोट गा.पा.)
गुल्मी :- (मालिका गा.पा., कालीगण्डकी गा.पा)
प्यूठान :- (नौवहिनी गा.पा)
रोल्पा :- (रुन्टिगढी र त्रिवेणी गापा बाहेक सबै स्थानीय तह)
जुम्ला :- (चन्दननाथ नगरपालिका बाहेक सबै स्थानीय तह)
सल्यान :- (कपुरकोट गा.पा. बाहेक सबै स्थानीय तह)
दैलेख :- (गुराँस गाउँपालिका बाहेक सबै स्थानीय तह)
डोटी :- (दिपायल सिलगढी नगरपालिका बाहेक सबै स्थानीय तह)
बैतडी :- (दशरथ चन्द नगरपालिका बाहेक सबै स्थानीय तह) र
डडेलधुरा :- (आलिताल गा.पा., नवदुर्गा गा.पा., परशुराम गा.पा.)

## १०. बाल हेल्पलाइन, १०९८

**कार्यक्रम लागु भएका स्थानहरू**

❀ १८ स्थानमा

**प्रक्रिया**

❀ बाल हेल्पलाइन पैसा नलाग्ने फोन नं १०९८ मा सम्पर्क गर्ने

**सेवा सुविधा उपलब्ध**

❀ बालबालिकाको आपत्कालीन उद्धार, राहत, संरक्षण तथा परामर्श

## ११. बालबालिका खोजतलास तथा समन्वय केन्द्र, १०४

**कार्यक्रम लागु भएका स्थानहरू**

❀ ७२ जिल्ला

**प्रक्रिया**

❀ बालबालिकाको खोजतलास तथा समन्वय केन्द्र पैसा नलाग्ने फोन नं १०४ मा सम्पर्क गर्ने




**सेवा सुविधा उपलब्ध**

❀ हराउने वा बेपत्ता हुने, अपहरणमा पर्ने, बेचबिखन तथा ओसार पसारमा पर्ने, बालहिंसा हुने र बाल यौन दुर्व्यवहारमा हुने, घटनाक्रमलाई रोकथाम, नियन्त्रण तथा निषेध गर्ने

# नोट

१. सामाजिक सुरक्षा ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिलाई सम्बन्धित वडा कार्यालयले तोकिएको ढाँचामा परिचय पत्रमा संरक्षक वा स्याहार गर्ने व्यक्तिको परिचय समेत खुलाउनु पर्नेछ ।

२. तोकिएको सामाजिक सुरक्षा भत्ताको परिचय-पत्र नलिएको नागरिकले सामाजिक सुरक्षा भत्ता पाउँदैन ।

३. सम्बन्धित स्थानीयतहबाट तोकिएको सामाजिक सुरक्षा भत्ता तोकिएको लाभग्राहीलाई वितरण हुन्छ र अन्य व्यक्ति वा झुठो व्यक्तिलाई यस्तो भत्ता प्रदान गरिएको पाइएमा भत्ता लिने र दिने दुवैलाई कानून बमोजिम कारवाही हुन्छ ।

४. भत्ता प्राप्त गर्ने लाभग्राहीले प्रत्यक वर्षको श्रावणदेखि कार्तिक मसान्त भित्र अनिवार्य रुपमा आफ्नो वडामा गई नवीकरण गर्नुपर्छ ।

५. बाल पोषण भत्ताको हकमा बालबालिकाको उमेर ५ वर्ष अर्थात ६० महिना पूरा भएमा सामाजिक सुरक्षा भत्ता कट्टा हुन्छ ।

# नोट

"बालसहभागिता, संविधानदेखि व्यवहारसम्म"

कन्सोर्टियम-नेपाल
Consortium Nepal

बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम नेपाल)
शङ्खमूल, प्रगतिमार्ग १०, नयाँ बानेश्वर, काठमाण्डौं ।
फाने नं : ०१- ४७८१३२७
इमेल: participation.consortium@gmail.com
वेवसाइट: http//www.consortium.org.np
सचिवालय: एन.ए.सी.जी नेपाल (NACG Nepal)